# मदिरा (नियन्त्रण, व्यवस्थापन तथा नियमन) ऐन, २०७७

शहिद लखन गाउँपालिका

**शहिद लखन गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**घैरुङ, गोरखा**

**प्रस्तावना**

शहिद लखन गाउँपालिका क्षेत्र भित्र अवैध रुपमा मदिरा उत्पादन, विक्री वितरणमा रोकथाम गर्नुका साथै मदिरा विक्री बितरण कार्यलाई व्यवस्थित र नियमन गर्दै सभ्य, शान्त र सदाचारयुक्त समाज निमार्णको अभिलाशालाई पुरा गर्नु वाञ्छनीय देखिएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) वमोजिम शहिद लखन गाउँपालिका गाउँसभाले यो ऐन बनाई लागू गरेको छ ।

शहिद लखन गाउँपालिका

# परिच्छेद-१
# प्रारम्भिक

**१. संक्षिप्त नाम प्रारम्भः**

१.१ यस ऐनको नाम “मदिरा (नियन्त्रण, व्यवस्थापन तथा नियमन) ऐन, २०७६” रहेको छ ।

१.२ यो ऐन स्थानिय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हूनेछ ।

**२. परिभाषा**

१. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) “कार्यपालिका” भन्नाले शहिद लखन गाउँपालिकाको कार्यापालिकालाई सम्भ्कनु पर्दछ ।

(ख) “कार्यालय” भन्नाले शहिद लखन गाउँपालिकाका रहेको कार्यालयलाई सम्भ्कनु पर्दछ ।

(ग) “मदिरा” भन्नाले अन्न, फलफूल वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीव रासायनिक प्रक्रियाद्वारा कुहाई वा अन्य कुनै तरिकावाट तयार पारिएको अल्कोहलयुक्त पदार्थ सम्भ्कनु पर्छ र सो शव्दले रक्सी, जाड, छ्याङ, व्हिस्की, रम, जीन, ब्राड, भोड्का, वियर, सेरी, सेम्पेन, साईडर, पेरी, मिड, माल्टन औद्योगिक रेक्टिफाईड स्प्रिट लाई बुझाउँछ ।

(घ) “डिलरवाला भन्नाले” शहिद लखन गाउँपालिकाका भित्र रक्सीको थोक बिकी गर्ने अनुमती प्राप्त बिक्रेतालाई सम्भ्कनु पर्दछ ।

(ङ) “होटल” भन्नाले भोजन खानपिनको प्रबन्ध भई वा नभई बसोबासको सुबिधा दिने गरि व्यवसायिक आधारमा चलाइएको होटल सम्भ्कनु पर्दछ र सो शब्दले रेष्टुरां समेतलाई जनाउँछ ।

(च) “सभा” भन्नाले शहिद लखन गाउँपालिकाको सभालाई सम्भ्कनु पर्दछ ।

(छ) “अध्यक्ष” भन्नाले शहिद लखन गाउँपालिकाको अध्यक्षलाई सम्भ्कनु पर्दछ ।

(ञ) “उपाध्यक्ष” भन्नाले शहिद लखन गाउँपालिकाको उपाध्यक्षलाई सम्भ्कनुपर्दछ ।

(ज) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले शहिद लखन गाउँपालिकाका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी वहन गरेको अधिकारी संभ्कनु पर्दछ ।

(झ) वडा “अध्यक्ष” भन्नाले शहिद लखन गाउँपालिकाका विभिन्न वडाबाट निर्बाचित वडा अध्यक्ष सम्भ्कनु पर्दछ ।

(ञ) “सचिव” भन्नाले शहिद लखन गाउँपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्भ्कनु पर्दछ । वडाको हकमा सम्बन्धित वडा सचिव लाई सम्भ्कनु पर्दछ ।

शहिद लखन गाउँपालिका

(ट) “सेवनकर्ता” मदिरा सेवन गर्ने व्यक्तिलाई सम्झनु पर्छ ।

**(ठ) “**उत्पादन” भन्नाले मदिरा तयार गर्नका लागि आवश्यक पदार्थ कुहाउने , तताउने, पकाउने वा त्यस्तो पदार्थमा वास्ना वा स्वाद आउने गरी कुनै कुराको सम्मिश्रण गर्ने वा मदिरा तयार गर्नको लागि अपनाईने सवै वा कुनै विधि वा कार्य सम्झनु पर्छ ।

(ड) “अनुमतिपत्र” भन्नाले मदिरा ऐन २०३१ को दफा ६ (क) बमोजिम उत्पादन, विक्रि वितरण निकासी वा पैठारी गर्न दिईएको अनुमति पत्र सम्झनु पर्छ ।

(ढ) “सार्वजनिक पद धारण गरेको व्यक्ति” भन्नाले सार्वजनिक निकायको कुनै पदमा निर्वाचित, मनोनित वा नियुक्ति भई बहाल रहेको व्यक्ति सम्झनु पर्छ ।

(ण)“तोकिएको ” वा “तोकिए वमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए वमोजिम सम्झनु पर्छ ।

शहिद लखन गाँउपालिका

## परिच्छेद - २

## मदिरा नियन्त्रण, व्यवस्थापन तथा नियमन सम्बन्धि व्यवस्था

**३. मदिरा नियन्त्रण**

३.१ यस गाउँपालिका भित्रका अनुमतिपत्र प्राप्त व्यक्ति तथा व्यवसायिहरुले बाहेक अन्य व्यक्ति तथा व्यवसायिहरुले मदिराको उत्पादन, विक्रि वितरण, ओसारपसार गर्न पूर्ण रुपमा प्रतिवन्ध गरिएको छ ।

**३.२ मदिराको बिक्री वितरणमा बन्देज**

(क) कसैले पनि अठार वर्ष उमेर पूरा नगरेको व्यक्तिलाई मदिरा बिक्री वितरण गर्नु हुँदैन ।

(ख) अठार वर्षको उमेर पूरा नगरेको व्यक्तिले मदिराको विक्री वितरण गर्नु हुँदेन ।

**४. मदिरा को निकासी पैठरीमा नियन्त्रण :-** कुनै व्यक्ति, डिलरवाला एवं अन्य व्यवसायीहरुले अनुमतिषत्र बेगर र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्तबमोजिमको बाहेक मदिराको निकासी वा पैठारी गर्न पाउने छैन ।

## परिच्छेद - ३

## मदिरा नियन्त्रण, व्यवस्थापन तथा नियमन समिति सम्बन्धि व्यवस्था

**५. समिति गठन**

५.१ मदिरा नियन्त्रण, व्यवस्थापन तथा नियमन गर्नका लागि यस गाउँपालिकामा मदिरा नियन्त्रण, व्यवस्थापन तथा नियमन मुल समिति रहने छ ।

| | | |
|---|---|---|
| क) गाउँपालिका अध्यक्ष | - | संयोजक |
| ख) गाउँपालिका उपाध्यक्ष | - | सदस्य |
| ग) सामाजिक विकास समितिको संयोजक | - | सदस्य |
| ङ) महिला, दलित र अल्पसंख्यक मध्येबाट १/१ जना सदस्य | - | सदस्य |
| च) प्रशासन शाखा प्रमुख | - | सदस्य |
| छ) स्वास्थ्य शाखा प्रमुख | - | सदस्य |
| ज) प्रहरी ईन्चार्ज (गाउँपालिका क्षेत्रको प्रहरी चौकीको प्रमुख) | - | सदस्य |
| झ) उद्योग, वाणिज्य संघ वा व्यापार तथा व्यवसायी संघको प्रमुख | - | सदस्य |
| ञ) गाउँपालिका स्तरीय निगरानी समुहको अध्यक्ष | - | सदस्य |
| ट) प्रमुख प्रशासकीय अधिकृत | - | सदस्य सचिव |

५.२ उपदफा ७.१ को (ङ) बमोजिमका सदस्यहरु गाउँकार्यपालिकाको निर्णय बमोजिम छनोट हुने हुनेछन् ।

**५.३ मूल समितिको काम कर्तव्य र अधिकार**

क) मदिराको बिक्री बितरणलाई व्यवस्थित गरि गाउँपालिकामा हुने विकृति विसंगतिलाई रोक्न आवश्यक कार्य गर्ने गराउने ।

ख) वडा र टोल स्तरीय मदिरा व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने ।

शहिद लखन गाउँपालिका

ग) मदिराको विक्री वितरण र व्यवस्थापन तथा नियमन गर्न यस ऐनलाई कडाइका साथ लागु गर्ने गराउने ।

घ) यो ऐन विपरीत मदिरा विक्री वितरण गर्ने वा सेवन गर्नेलाई जरिवाना गर्ने, गर्न लगाउने ।

ङ) मदिरा विक्री वितरण व्यवस्थापन र नियमनलाई व्यवस्थापन गर्न आवश्यक अध्ययन, अनुगमन गर्ने गराउने ।

च ) वडा समितिको काम कारवाहीको अनुगमन गर्ने ।

**५.४ वडा समिति गठनः** मदिरा नियन्त्रण, व्यवस्थापन तथा नियमन गर्नका लागि प्रत्येक वडामा निम्न वमोजिमको एउटा वडामा समिति गठन गरिने छ ।

| | | |
|---|---|---|
| क) वडा अध्यक्ष | - | संयोजक |
| ख) वडा सदस्यहरु | - | सदस्य |
| ग) सम्बन्धित वडाको प्रहरी कार्यालयको प्रमुख | - | सदस्य |
| ग) सम्बन्धित वडाको स्वास्थ्य संस्थाको प्रमुख | - | सदस्य |
| घ) वडा स्तरको महिला समुहको प्रमुख | - | सदस्य |
| ङ) वडा स्तरको वाल समुहको प्रमुख | - | सदस्य |
| च) उद्योग, वाणिज्य संघ वा व्यापार तथा व्यवसायी संघको प्रमुख | - | सदस्य |

छ) वडा समितिले मनोनित गरेका कम्तिमा एक जना महिला सहित २ जना विशिष्ट व्यक्तिहरु तथा सामाजसेवीहरु मध्येबाट - सदस्य

| | | |
|---|---|---|
| ज) सम्बन्धित वडाको वडा स्तरीय निगारानी समुहको अध्यक्ष | - | सदस्य |
| झ) वडा सचिव | - | सदस्य सचिव |

**५.५ वडा स्तरीय मदिरा व्यस्थापन समितिको काम कर्तब्य र अधिकार :**

क) वडामा यस ऐन वमोजिम मदिरा बिक्री वितरण, सेवन भएको छ छैन ? सो को अनुगमन गरी त्यसको जानकारी मूल समितिलाई दिने ।

ख) यस ऐनमा भएको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

ग) यस ऐनको पालना नगर्नेलाई यस ऐन वमोजिम जरिवाना गर्ने । जरिवाना तिर्न अटेर गरेमा सो को जानकारी मूल समितिलाई दिने ।

घ) समय समयमा मूल समितिले दिएको आदेश निर्देशनको पालना गर्ने गराउने ।

ङ) टोल विकास समितिको काम कारवाहीको अनुगमन गर्ने र प्रभावकारी कार्य सम्पादनका लागि समन्वय र सहजिकरण गर्ने ।

च) मुल समिति र टोल विकास समितिको बिचमा प्रभावकारी समन्वय र सञ्चार गर्ने ।

छ) यस ऐन वमोजिम आफुले गर्नु पर्ने अन्य कार्य गर्ने ।

**५.६ टोल विकास समितिको गठनः** मदिरा नियन्त्रण, व्यवस्थापन तथा नियमन गर्नका लागि प्रत्येक टोलमा निम्न वमोजिमको टोल विकास समिति गठन गरिने छ ।

शहीद लखन गाँउपालिका

क) टोल विकास संस्थाको अध्यक्ष - संयोजक

ख) टोलस्तरको महिला समुहको प्रमुख - सदस्य

ग) टोलस्तरको युवा क्लवको एक जना प्रतिनिधि - सदस्य

ग) स्थानिय सामुदायिक वन उपभोक्ता समितिको प्रमुख - सदस्य

घ) स्थानिय शिक्षकहरु मध्येबाट एक जना - सदस्य

ङ) टोल विकास समितिले मनोनित गरेका कम्तिमा २ जना महिला सहित स्थानिय स्तरका उद्यमी, व्यवसायी र समाजसेवी मध्येबाट ३ जना सदस्य रहने ।

च) टोल विकास समितिको सचिव - सदस्य सचिव

५.७ उपदफा ७.४ बमोजिमको समितिको गठन यो ऐन प्रारम्भ भएको एक महिना भित्र गाउँ भेलाबाट गरिनेछ र ७.३ बमोजिमको वडा समितिलाई लिखित रुपमा जानकारी गराउनु पर्दछ । यसरी जानकारी गराउदा टोल समिति गठनका लागि गाउँ भेलाको मईन्युट समावेश भएको हुनु पर्दछ ।

५.८ टोल स्तरीय मदिरा नियन्त्रण, व्यस्थापन तथा नियमन समितिको काम कर्तब्य र अधिकार :

क) टोलमा यस ऐन वमोजिम मदिरा बिक्री वितरण, सेवन भएको छ छैन ? सो को अनुगमन गरी आवश्यक कारवाही अगाडी बढाउने र त्यसको जानकारी वडा समितिलाई दिने ।

ख) यस ऐनमा भएको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

ग) यस ऐनको पालना नगर्नेलाई यस ऐन वमोजिम जरिवाना गर्ने । जरिवाना तिर्न अटेर गरेमा सो को जानकारी वडा समितिलाई दिने ।

घ) समय समयमा मूल समिति र वडा समितिले दिएको आदेश निर्देशनको पालना गर्ने गराउने ।

ङ) सामाजिमा मदिरा जन्य गतिविधि र काम कारवाहीको अनुगमन गर्ने र ऐन बमोजिम आवश्यक कारवाहि गर्ने ।

च) समय समयमा सामाजिक जनचेतना जगाउन आवश्यक भए सो को कार्ययोजना बनाई वडा समितिमा प्रस्ताव पठाउने ।

छ) यस ऐन वमोजिम आफुले गर्नु पर्ने अन्य कार्य गर्ने ।

**६. नियमित अनुगमन**

क) टोल विकास समितिले आफ्नो टोल भित्रको टोल, बजार विद्यालय, स्वास्थ्य केन्द्र, पार्क, मन्दिर लगायतका स्थान तथा सार्वजनिक स्थलहरुमा मदिरा तथा जुवा तासको अवस्था के कस्तो छ सो को वारेमा जाँचवुझ गर्न महिनाको नियमित रुपमा निगरानी राख्ने र अनुगमन गर्नु पर्ने ।

ख) वडा समितिले आफ्नो वडा भित्रको टोल, बजार विद्यालय, स्वास्थ्य केन्द्र, पार्क, मन्दिर लगायतका स्थान तथा सार्वजनिक स्थलहरुमा मदिरा तथा जुवा तासको अवस्था के कस्तो छ सो को वारेमा जाँचवुझ गर्न महिनाको एक दिन अनिवार्य रुपमा अनुगमन गर्नु पर्ने ।

ग) टोल विकास समितिले सम्बन्धित वडामा र वडा समितिले टोलहरुको एकिकृत प्रतिवेदन र वडाको अनुगमन अनुगमन प्रतिवेदन कम्तिमा हरेक महिनको एक पटक गाउँकार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्ने छ ।

घ) वडा समितिले आफ्नो वडाको क्षेत्र भित्र मदिरा विक्रि वितरण तथा जुवा तास वारे अनुगमन गर्दा यस ऐनको दफा ३ मा उल्लेख गरिएका शर्तका कुरा के कति पालन गरिएका छन् सो कुरा प्रतिवेदनमा अनिवार्य खुलाउनु पर्ने छ ।

ङ) मुल समितिले मदिरा नियन्त्रण तथा नियमन कार्यका लागि नियमित रुपमा अथवा आवश्यकता अनुसार जुनसुकै समयमा समुदाय र व्यक्तिको अनुगमन गर्न सक्नेछ ।

च) मुल समितिले वडा समिति र टोल विकास समितिको काम कारवाहिको अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ । ऐन विपरित कार्य गर्ने समिति र समितिका कुनै पनि सदस्यलाई मुल समितिले कारवाहि र निष्काशन गर्न सक्नेछ ।

**९. सचेतना कार्यक्रम संचालन गर्नेः**

क) प्रत्येक ६ महिनाको मदिरा तथा जुवा तासको प्रभाव, कानुनी व्यवस्था र सुधार गर्नुपर्ने विषयका बारेमा वडा स्तरमा एउटा सचेतना कार्यक्रम गर्नुपर्ने छ ।

ख) वडा स्तरमा गरिएको सो सचेतना कार्यक्रमको प्रतिवेदन गाउँ कार्यपालिकाको कार्यालयमा अनिवार्य पेश गर्नुपर्ने छ ।

## परिच्छेद - ४

## सजाय सम्बन्धि व्यवस्था

**१०. सजाय गर्न सकिनेः**

१०.१ कानुन विपरित मदिरा उत्पादन, विक्रि वितरण, ओसारपसार तथा सेवन गर्ने लाई कानुन वमोजिम सजाय गर्न सकिने छ ।

क. मदिराको बेचविखन गर्ने व्यक्तिलाई पहिलो पटक रु २००० (रु. दुई हजार) जरिवाना गरिने छ । सोही व्यक्तिले पटक पिच्छे सो कसुर गरेमा रु १००० (रु. एक हजार) को दरले वढ्दै जाने छ ।

ख. अनुमति बेगर मदिरा विक्रि वितरण गर्ने व्यक्ति वा व्यवसायिलाई पहिलो पटक रु २००० (रु. दुई हजार) जरिवाना गरिने छ । सोहि व्यक्ति वा व्यवसायिले पटक पिच्छे सो कसुर गरेमा रु १००० (रु. एक हजार) दरले वढ्दै जाने छ ।

ग. गैरकानूनी रुपमा मदिरा ओसापसार गर्ने व्यक्ति वा व्यवसायिलाई पहिलो पटक रु २००० (रु. एक हजार) जरिवाना गरिने छ । सोही व्यक्तिले पटक पच्छिे सोही कसुर गरेमा रु २००० (रु. दुई हजार) दरले वढ्दै जाने छ ।

घ. मदिरा सेवन गरी होहल्ला गर्ने, सार्वजनिक स्थलमा, शान्ति भंग गर्ने, गाली बेइज्जती गने व्यक्तिलाई पहिलो पटकका लागि रु ३००० (तीन हजार) जरिवाना गरिनेछ । सोही व्यक्तिले पटक पिच्छे सोही कसुरमा रु १००० (रु. एक हजार) का दरले वढ्दै जाने छ ।

च. सार्वजनिक पद धारण गरेको व्यक्तिको हकमा पहिलो पटकको लागि रु. ४००० (रु. चार हजार) जरिवाना वा सम्बन्धित सार्वजनिक निकायमा मुद्दा दायर गर्न सकिनेछ । सोहि व्यक्तीले पटकै पिच्छेको कसुरमा रु १००० (रु. पाँच हजार) का दरले वढ्दै जाने छ ।

**१०.२ सजाय र जरिवानाको प्रक्रिया**

क. दफा १० बमोजिमका कसुरमा प्रारम्भिक कारवाही प्रक्रिया टोल समितिले अगाडी बढाउन सक्नेछ ।

ख. टोल विकास समितिले कसुर गर्ने व्यक्ति तथा समुहलाई आवश्यकता अनुसार बैठकमा बोलाउन सक्ने वा पत्राचार मार्फत कसुर अनुसारको जरिवाना निर्धारण गरी एक हप्ते म्याद तोक्न सक्नेछ ।

ग. टोल विकास समितिको आदेशलाई व्यवास्था गरी समयसिमा भित्र जरिवाना नबुझाउने व्यक्ति वा समुहको बारेमा टोल समितिले लिखित तथा मौखिक रुपमा वार्ड समितिलाई जानकारी गराउनु पर्नेछ ।

घ. त्यस्ता कसुरदारलाई वार्ड समितिले पुनः बढिमा एक हप्ताको मिति नबढ्ने गरी टोल विकास समितिले तोके बमोजिमको जरीवाना तिर्ने व्यहोराको पत्र निज व्यक्ति वा समुहलाई पठाउन सक्नेछ ।

ङ) वडा समितिको पत्र समेतलाई वेवास्ता गर्ने कसुरदारको सम्बन्धमा वार्ड समितिले मुल समितिलाई जानकारी गराउनु पर्नेछ ।

च) मुल समितिले त्यस्ता कसुरदारलाई औपचारिक पत्र मार्फत बढिमा एक हप्तामा समयसिमा राखि अन्तिम चेतावनी सहित टोल समितिले तोकेको जरिवाना तिर्ने गरी जानकारी गराउनेछ ।

छ. मुल समितिको पत्र समेतको वेवास्ता गर्ने कसुरदारलाई गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधाबाट वञ्चित गरि नेपाल सरकारको प्रचलित कानुन वमोजिम कारवाहिको लागि मुद्धा दायर गर्न सक्नेछ ।

तर उपदफा १०.२ को (छ) मा जुनसुकै कुरा उल्लेख भएतापनि त्यस्ता कसुरदारको सम्बन्धमा निर्णय गर्ने अन्तिम अधिकार गाउँ कार्यपालिकामा रहनेछ ।

**११. मुद्ध दिन सक्नेः-**

यस कार्यविधि अन्तर्गत जरिवाना गरिएको बिषयमा चित्त नबुझे जरिवाना गरिएको ३५ दिन भित्र गाउँपालिकाको न्यायिक समितिमा मुद्धा गर्न सकिने छ ।

**१३. सुचना दिएमा**

यस कार्यविधि विपरित कार्य गरेको कुरा प्रमाण सहित कसैले सुराकी दिएमा सो व्यक्तिको नाम गोप्य राखी निजलाइ नियम वमोजिम सुराकी दिएमा जम्मा जरिवाना रकमको बढिमा ३० प्रतिशत नबढ्ने गरी पुरस्कार प्रदान गरिनेछ ।

## परिच्छेद - २

## मदिरा कोष र अन्य व्यवस्था

**१२. कोषको व्यवस्थापन**

१२.१ दण्ड, जरिवाना वापत्को रकम जुन समितिले उठाएको हो त्यही समितिले नै संकलन र व्यवस्थापन गर्न सक्नेछन ।

१२.२ उपदफा १२.१ मा जुन सुकै कुरा उल्लेख भएतापनि टोल विकास समितिले उठाएको जरिवाना रकम सम्बन्धमा एक हप्ता भित्र वडा समितिलाई लिखित रुपमा जानकारी गराउनु पर्नेछ ।

१२.३ वडा समितिले उपदफा १२.१ बमोजिम प्राप्त अभिलेख व्यवस्थित रुपमा राख्नुपर्नेछ र आफुले समेत जरिवाना बापत् उठाएको रकम सम्बन्धमा अवधिक रुपमा एकत्रित विवरण मुल समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

**१३. उत्कृष्ट टोल समितिको चयन र पुरस्कृत गरिने ।**

१३.१ मदिरा नियन्त्रण कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने टोल विकास समितिलाई आर्थिक वर्षको अन्त्यमा पुरस्कृत गर्न सकिनेछ ।

१३.२ वडा स्तरको उत्कृष्ट टोल विकास समितिको छनोट वडा समितिले तथ्यगत क्रियाकलापका आधारमा गर्ने ।

१३.३ हरेक वडाबाट एक एक उत्कृष्ट टोल समिति मध्येबाट मुल समितिले गाउँपालिका भरिको एक सर्वोत्कृष्ट टोल विकास समिति छनोट गरी पुरस्कृत गर्न सक्नेछ ।

१३.४  सर्वोत्कृष्ट टोल समितिलाई प्रदान गरिने सम्मान र पुरस्कार मुल समितिले निधारण गरे बमोजिम हुनेछ ।

**१४. वदरः**

यस ऐनमा उल्लेखित नियम तथा उपनियमहरु मुल कानुन संग वाभिएमा वाभिएको हद सम्म वदर भागि हुनेछ ।

**१५.** माथि उल्लेखित नियम तथा उपनियमहरु आवश्यकता अनुसार गाउँसभाबाट संसोधन, परिमार्जन वा परिवर्तन गर्न सकिनेछ ।

शहिद लखन गाँउपालिका